सम्पर्क नं. : ०२५५ ४३०३०

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०८०/०८१
च. नं. :- ४३११

मितिः २०८१/०२/२३

विषयः शुल्क निर्धारण सम्बन्धमा ।

श्री सबै संस्थागत विद्यालय
दुहबी नगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सबै संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८१ मा विद्यार्थीहरुबाट लिने वार्षिक तथा मासिक शुल्क विद्यालयहरुबाट पेश गरेको प्रस्ताव समेतका आधारमा मिति २०८१/०२/२० गते बसेको नगर शिक्षा समितिको बैठकबाट संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८१ मा विद्यार्थीहरुबाट लिन सक्ने शुल्क निर्धारण भई यसै पत्रसाथ सम्लग्न गरी पठाइएको व्यहोरा अवगत गराउदै नगर शिक्षा समितिबाट निर्धारित अधिकतम शुल्कमा नबढ्ने गरी शुल्क लिने व्यवस्था गर्नु/गराउनु हुन सम्पूर्ण संस्थागत विद्यालयलाई जानकारीका लागि अनुरोध छ । निर्धारित शुल्कभन्दा बढी शुल्क लिइएको पाइएमा कानुन बमोजिम भइजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

२/२३

नीलमणी खनाल
उप-सचिव
शिक्षा युवा तथा खेलकुद शाखा

बोधार्थः
श्री प्याब्सन नगर कार्य समिति, दुहबीः जानकारीका लागि ।
श्री सूचना प्रविधि शाखाः web site मा upload गरिदिनु हुन ।

प्रस्ताव २ मा छलफल गर्दा शैक्षिक सत्र २०८१ मा यस नगरपालिकाअन्तर्गतका संस्थागत विद्यालयहरुले विद्यार्थीबाट लिने वार्षिक तथा मासिक शुल्क संस्थागत विद्यालयहरुले पेश गरेको प्रस्तावका आधारमा तपसिलबमोजिमको अधिकतम वार्षिक र मासिक अधिकतम शुल्क लिन स्वीकृति दिने र नियमानुसारको छात्रवृत्ति अनिवार्य वितरण गर्न समेत निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क्रसं | कक्षा | मासिक शुल्क अधिकतम |
|---|---|---|
| १ | नर्सरी | २००० |
| २ | एलकेजी | २२०० |
| ३ | युकेजी | २४०० |
| ४ | १ | २६०० |
| ५ | २ | २८०० |
| ६ | ३ | ३००० |
| ७ | ४ | ३२०० |
| ८ | ५ | ३४०० |
| ९ | ६ | ३६०० |
| १० | ७ | ३८०० |
| ११ | ८ | ४००० |
| १२ | ९ | ४२०० |
| १३ | १० | ४८०० |
| १४ | ११ | |
| १५ | १२ | |

वार्षिक शुल्कः २ महिनाको मासिक पढाइ शुल्कको रकममा नबढ्ने गरी वर्षको एक पटक मात्र लिन पाउने

भर्ना शुल्कः जुन कक्षामा सुरुमा भर्ना भएको हो सो कक्षामा मात्र मासिक १ महिनाको पढाइ शुल्कमा नबढ्ने गरी लिन पाउने

परीक्षा शुल्कः मासिक पढाइ शुल्कको आधा महिनाको शुल्कमा नबढ्ने गरी वर्षभरिमा वार्षिक एकमुष्ठ रुपमा वा पटक पटक गरी लिन पाउने

यातायात खर्चः विद्यालयदेखि विद्यार्थीको घरसम्मको दुरी अनुसार बढीमा मासिक ७०० मा नबढ्ने गरी लिन पाउने

स्थानान्तरण शुल्क प्रतिविद्यार्थी कक्षा ८ देखी १० लाई बढीमा रु १०००। र कक्षा ८ भन्दा तलका विद्यार्थीलाई बढीमा रु ५००। का दरले लिन पाउने